सम्पादकीय

# सृजनशीलता र अन्वेषणको बाटोमा

हरेक विषय सन्दर्भमा जिज्ञासु बन्दै त्यसको सत्यतथ्य खोजी गर्ने मानवीय स्वभावले नै मान्छे पाषाणयुगबाट वर्तमानसम्म आइपुगेको हो । सामान्य व्यक्तिले जिज्ञासाको सामाधान अरूबाट खोज्छ, समाधानपछि शान्त हुन्छ । बौद्धिक वर्गले जिज्ञासा राख्ने आफैं त्यसका सन्दर्भहरू खोतल्दै समाधानको मार्गसम्म पुग्छ । नौला सत्यतथ्यको खोजीका लागि क्रियाशील हुन्छ । समाजलाई केही दिने प्रयास गर्दछ । यस्तै जिज्ञासालाई शान्त पार्ने क्रममा नै प्रस्तुत रेसुङ्गा जर्नलको दास्रो अङ्क जन्मेको हो ।

पहिलो अङ्क हामीले मार्च, २०१९ मा प्रकाशित गऱ्यौं । त्यसभित्र आधिकारिक लेख रचनाहरू भएपनि त्यसको Peer Review गरेर प्रामाणिक बनाउन सकेका थिएनौं । यसपटक सो प्रयास पनि पूरा गरेर प्रस्तुत अनुसन्धानमूलक पत्रिकाका लागि थप आधिकारिक र प्रामाणिक बनाएका छौं । मूल्याङ्कन समितिभित्र रहनुहुने विद्वान् अग्रजहरूद्वारा Review गराएर सम्बद्ध लेखहरूलाई गुणस्तरीय बनाउने प्रयत्नमा हामी जुटेका छौं । विविध कारणले हामीलाई प्राप्त भएका सबै लेखहरूलाई स्थान दिन सकेका छैनौं । प्राप्त लेखहरूलाई आगामी अङ्कमा स्थान दिंदै जानेछौं ।

रेसुङ्गा जर्नलको पहिलो अङ्क प्रकाशित गरेको तुरुन्तैपछि हामीले दोस्रो अङ्क प्रकाशित गर्न सकेनौं । यसका पछाडि विश्वभरि फैलिएको कोभिड महामारी र अर्थाभाव हाम्राअगाडि अजङ्ग पहाड बनेर खडा भयो, तैपनि हाम्रा अन्वेषण जारी थिए । प्रकाशनको चाँजोपाजो मिलेको थिएन । यसपटक सबै परिस्थितिसँग सिंगौरी खेल्दै थप आधिकारिक र प्रामाणिक बनाएर प्रस्तुत गर्ने जमर्को गरेका छौं । यसभित्र पनि अझै कसरमसर बाँकी होलान् । विद्वान्वर्गको उचित समीक्षाको समेत अपेक्षा गरेका छौं । आगामी अङ्कहरूमा थप परिष्कार गर्दै निरन्तर प्रकाशित गर्ने प्रयासमा रहनेछौं । ।

**सम्पादक मण्डल**

**फेब्रुअरी, २०२३**

---o---